नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
आन्तरिक व्यवस्थापन तथा जनशक्ति विकास शाखा
फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्या:- ०७०/७१
चलानी नं.:- 326

मिति: २०७०।०७।१०

विषय: **Electronic Government Procurement (e-GP) System सम्बन्धी जानकारी सम्बन्धमा ।**

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR),
श्री जिल्ला विकास समितिको कार्यालय (७५ वटै),
श्री ......................... म.नपा/उप म.नपा/न.पा (५८ वटै)
श्री ........................... समिति/आयोग/प्रतिष्ठान (सबै)

प्रस्तुत विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालय, योजना,सूचना तथा प्रविधि महाशाखाको प.सं.१-१-०७०/०७१,च.नं. ४१३, मिति २०७०/०६/२० गतेको पत्रानुसार सार्वजनिक खरिद प्रक्रियालाई खुला, पारदर्शी, मितव्ययी, प्रतिस्पर्धी तथा आधुनिक प्रविधिमा आधारित बनाउने उद्देश्यले उक्त कार्यालयले नयाँ e-GP Portal:-www.bolpatra.gov.np को विकास गरी सञ्चालनमा ल्याएको र उक्त **Portal** को औपचारिक रुपमा शुभारम्भ भएकोले देहाय अनुरुप गर्ने,गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

१. सार्वजनिक खरिद नियमावली, २०६४ को तेस्रो संशोधन (२०६८) को नियम २४ को मूल नियमावलीको नियम १४६ को संशोधन "सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा पोर्टल रहने गरी बिद्युतीय प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नुपर्ने छ " भन्ने व्यवस्था भएबमोजिम सबै सार्वजनिक निकायले एकल पोर्टलबाट सार्वजनिक खरिद कार्य गर्ने उद्देश्यको लागि e-bidding का कार्य विद्युतीय खरिद (e-GP) Single Portal:-www.bolpatra.gov.np बाट गराउन सकिनेछ ।

२. हाल अन्तरिम समयका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले www.gepson.gov.np र Single Portal System www.bolpatra.gov.np दुबै प्रणाली र विभिन्न सार्वजनिक निकायहरुले सञ्चालन गरिरहेका Individual e-Submission Portal सञ्चालन गरे पनि उक्त Individual Portal हरु समेत यथासम्भव निकट भविष्यमा यस कार्यालयले Single Portal:- www.bolpatra.gov.np बाट विस्थापन गर्ने नीति अवलम्बन गर्नेछ । अन्तत: निकट भविष्यमा सार्वजनिक खरिद

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्या:-

चलानी नं.:-

नियमावलीमा व्यवस्था भए अनुसार एउटै मात्र Portal:- www.bolpatra.gov.np. सञ्चालनमा रहनेछ ।

३. हाल Procurement of Works को Online system मा केही प्राविधिक कारणले, works सम्बन्धी सार्वजनिक खरिदका कार्य उक्त प्रणालीको Offline Process बाट तथा Goods र Consultancy सम्बन्धी सार्वजनिक खरिदको कार्य सोही प्रणालीको Online Process बाट समेत गर्न सकिनेछ ।

४. उक्त Portal को प्रयोग गर्ने सिलसिलामा यस प्रणालीमा कुनै समस्या देखिएमा यस कार्यालयलाई समयमै जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ ।

५. उक्त e-GP System को उपयोग सम्बन्धी केही दुविधा भएमा वा केही सहयोगको आवश्यक परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । साथै उक्त Portal प्रयोग सम्बन्धी तालिम यस कार्यालयबाट श्रोत र साधनले भ्याएसम्म सञ्चालन गरिंदै आएको र सार्वजनिक निकायहरुलाई पनि आफ्नो निकाय मातहतका कार्यालयहरुलाई सो सम्बन्धी तालिम यस कार्यालयसँग समन्वय गरी सञ्चालन गर्नुहुन अनुरोध छ ।

६. हाल Individual Portal सञ्चालन गरिरहेका सार्वजनिक निकायहरुले सुविधा अनुसार www.bolpatra.gov.np मा क्रमश बोलपत्र सम्बन्धी कार्यहरु स्थानान्तरण गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

७. हाललाई www.bolpatra.gov.np मा e-Submission सम्म मात्र हुने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ मा भएका प्रावधानहरु बमोजिम विद्युतीय सञ्चार माध्यम (E-bidding) प्रयोग गरी सार्वजनिक खरिद गर्न सकिने प्रावधान रहे अनुसार सार्वजनिक निकायले सार्वजनिक खरिद गर्दा विद्युतीय माध्यम प्रयोग गरेको अवस्थामा पनि कागजात (Hard Copy) बाट समेत उक्त खरिद कार्य गर्न हाल सम्मको कानूनी व्यवस्थाले खुला राखेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

(अनिल पौडेल)
शाखा अधिकृत